**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२१ गतेको बैठकका निर्णयहरुः**

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२१ गतेको बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको सम्बन्धमा समिक्षा गरियो । निर्णय कार्यान्वयनलाई आगामी दिनमा प्रभावकारी बनाउन सबैले पहल गर्ने निर्णय समेत गरियो ।

२. आर्थिक वर्ष २०८१/८२ मा मिनिटिलर खरिद गरी वितरण गर्न तपशिल अनुसारको मापदण्ड तोक्ने निर्णय गरियो ।

- व्यक्तिको हकमा व्यवसायिक खेतीगरेको हुनु पर्नेछ ।
- कृषि समुह /कृषि सहकारीलाई प्राथमिकता दिइनेछ ।

**आवश्यक कागजात :-**

**व्यक्तिको हकमा**

- नागरिकताको प्रतिलिपि थान १
- जग्गाको लालपुर्जाको प्रतिलिपि थान १
- तिरो तिरेको रशिद थान १

**समुह/सहकारीको हकमाः-**

- निर्णय प्रतिलिपि थान १
- नविकरण भएको दर्ता प्रमाण पत्रको प्रतिलिपि थान १
- कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि थान १

**ऐलानी जग्गामा खेति गरेको हकमा :-**

- नागरिकताको प्रतिलिपि थान १
- खेति गरेको क्षेत्रफल खुल्ने वडाको सिफारिस थान १

३. पोखरी प्लाष्टिक तथा प्लाष्टिक टनेल वितरण गर्दा माग संकलनको लागि सूचना प्रकाशन गर्ने र सूचनाको समय भित्र वडा कार्यालयको समेत सिफारिसको आधारमा वितरण गर्ने निर्णय गरियो ।

४. लुम्बिनी प्रदेश सरकार नवप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत निर्माण गर्ने जन्तेलुङ होमस्टे निर्माण गर्न लागत अनुमान तयार गर्दा प्रति घर रु. ११ लाख रकम लाग्ने देखिएकोले बजेट विनियोजन भन्दा बढी रकम रु. २ लाख ५० हजार प्रति घर गरी ९ वटा घरको २२ लाख ५० हजार रकम लागत साझेदारीका लागि आवश्यक बजेट व्यवस्थाबाट व्यहोर्ने गरी हाल ठेक्का आव्हान गर्न अनुमति दिने निर्णय गरियो ।

५. तिनाउ गाउँपालिकाको वडा नं. ३ को खुलखुले पार्कमा गाउँपालिका स्तरिय बालउद्धान निर्माण गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२१ गतेको बैठकका निर्णयहरुः**

६. चालु आर्थिक वर्ष २०८१/८२ मा विनियोजन गरेको दशै सोरसार शिर्षकबाट तपशिल अनुसार रकम व्यवस्था गरी दशै सोरसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १ | वडा नं. १ सडक सोरसार र वडा नं. २ बन्चरे पहाड | ७५०००० |
| २ | वडा नं. ३ र ४ का सडक सरसफाई | ९८०००० |
| ३ | सत्यवती मेला व्यवस्थापनको लागि वडा नं. ४ का सडक स्तरउन्नती | ८७०००० |
| ४ | वडा नं. ६ का सडक सोरसार | ८५००० |
| ५ | वडा नं. १ को सडक सोरसार | ९५००० |
| | | २७,८०,००० |

७. गाउँपालिकाको आ.व. २०८०/८१ मा बित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) तर्फ प्राप्त गरेको प्रारम्भिक जम्मा प्राप्ताङ्क ७४.५ अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

८. गाउँपालिकाको आ.व. २०८०/८१ मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तर्फ प्राप्त गरेको प्रारम्भिक जम्मा प्राप्ताङ्क ७५ अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

९. पोखरी प्लाष्टिक तथा प्लाष्टिक टनेल वितरण गर्दा माग संकलनको लागि सूचना प्रकाशन गर्ने र सूचनाको समय भित्र वडा कार्यालयको समेत सिफारिसको आधारमा वितरण गर्ने निर्णय गरियो ।

१०. तिनाउ गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्न गठन भएको समितिको निर्णय अनुसार परिक्षामा सफल हुने उमेद्वार तिनाउ-५ निवासी श्री चिरञ्जिवी घर्तीलाई करार सम्झौता गरी काममा लगाउने निर्णय गरियो ।

११. तिनाउ गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले मिति २०८१।९।१५ गते गरेको आय व्ययको प्रक्षेपण अनुमोदन गर्ने निर्णय गरियो ।

१२. तिनाउ कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

१३. लुम्बिनी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमबाट सहजकर्ताहरुको पारिश्रमिक बराबरको रकम कार्यक्रमको बजेटबाट हिसाब मिलान गरी करार सेवा शुल्कबाट भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

१४. लुम्बिनी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम जनसहभागिता तर्फको दायित्व विविध खर्च खाताबाट लेखा राख्ने र खर्च गर्ने व्यवस्था मिलाउन गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२१ गतेको बैठकका निर्णयहरुः**

१५. तपसिल अनुसारका योजनाहरु संशोधनका लागि आगामी गाउँसभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

## तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०९।२१ गतेको बैठकका निर्णयहरुः

तपसिल

| संशोधनबाट हट्ने आयोजनाहरु/आय | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | शिर्षक नं. | आयोजनाको नाम | कार्यान्वयन हुने वडा | अनुमानित रकम | कैफियत |
| १ | २२५२२ | ५० प्रतिशत अनुदानमा तरकारी प्रवर्द्धन कार्यक्रम वडा नं. ६ | ६ | ४६५,०००.०० | |
| २ | ३११५६ | कुसुमडाँडा जमुने खानेपानी आयोझना | २ | २००,०००.०० | |
| ३ | ३१११२ | सामुदायिक भवन फुलबारी र देउराली | ३ | ५००,०००.०० | |
| ४ | ३११५९ | तिलोत्तमा मा.वि. ट्रस निर्माण | ३ | ४००,०००.०० | |
| ५ | ३११५१ | बागजुरी पक्की पुल गोरेटोबाटो | ५ | १००,०००.०० | |
| ६ | ३११९६ | मर्मत सम्भार कार्यक्रम | ५ | ११०,०००.०० | |
| ७ | ३११५१ | चौकी भञ्याङ झिन्टुङ्ग मोटरबाटो स्तरोन्नती | गाउँपालिका | ६००,०००.०० | |
| ८ | ३११५१ | ओखलढुङ्गा बुढीकोट ठाडे रितुङ सडक स्तरोन्नती | गाउँपालिका | ५००,०००.०० | |
| ९ | ३११५१ | डुम्रे मस्याम पुग्दी सडक स्तरोन्नती | गाउँपालिका | ५००,०००.०० | |
| १० | ३११५९ | लागत साझेदारीका लागि आवश्यक रकम | गाउँपालिका | १,१२१,४२२.७४ | |
| ११ | ३२१२२ | **गत वर्षको यथार्थ नगद मौज्दात** | **गाउँपालिका** | **३,२२८,५७७.२६** | |
| | | **जम्मा** | | **७,७२५,०००.००** | |
| **संशोधनबाट थप हुने आयोजनाहरु/व्यय** | | | | | |
| १ | २२५२२ | बालमैत्री स्थानीय शासनका सुचक पुरा गर्ने कार्यक्रम प्रत्येक वडा रु. २ लाखका दरले | गाउँपालिका | १,२००,०००.०० | |
| २ | २२५२२ | महिला सामुदायिक स्वास्थ्य स्वंसेविका भ्रमण कार्यक्रम | गाउँपालिका | २००,०००.०० | |
| ३ | २२५२२ | मैरीघार वितरण | ६ | १००,०००.०० | |
| ४ | २२५२२ | ५० प्रतिशत अनुदानमा प्लाष्टिक पोखरी वितरण | ६ | १००,०००.०० | |
| ५ | ३११२२ | ५० प्रतिशत अनुदानमा साना कुटानी पिसानी मिल वितरण | ६ | १००,०००.०० | |
| ६ | ३११२२ | ५० प्रतिशत अनुदानमा साना कुटानी पिसानी मिल वितरण | ५ | ११०,०००.०० | |
| ७ | ३११२२ | दोभान मा.वि. सि.सि. क्यामरा जडान | २ | १००,०००.०० | |
| ८ | ३११५९ | विभिन्न आयोजनाहरु मर्मत तथा थप बजेट व्यवस्था | २ | २००,०००.०० | |
| ९ | ३११२२ | तिलोत्तमा मा.वि. मा स्मार्ट टि.भि.जडान | ३ | ४००,०००.०० | |
| १० | ३११५९ | केराबारी पार्कमा खुल्ला व्यामशाला निर्माण | ५ | ४००,०००.०० | |
| ११ | ३११२२ | वडा नं. ६ मा इन्टरनेट विस्तार | ६ | १६५,०००.०० | |
| १२ | ३१११२ | वडा कार्यालय भवन भौतिक पूर्वाधार निर्माण, वडा नं. १ | १ | ९७०,०००.०० | |
| १३ | ३११५१ | खुर्तिबाङ बुढीकोट सडक निर्माण | १ | १,९००,०००.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ३११५१ | ठाडे गाउँ देखि जनज्वती प्रा.वि. जाने सडक निर्माण | १ | ५०,०००.०० | |
| १५ | ३११७२ | गाउँपालिकाको खानेपानी तथा सरसफाई स्वच्छता योजना (हक्ञ्झ म्तकथ) निर्माण | गाउँपालिका | १,१३०,०००.०० | |
| १६ | ३११५९ | सामुदायिक शौचालय पुलबारी, देउराली र देउराली बालविकास | ३ | ५००,०००.०० | |
| १७ | ३११५९ | आदर्श युवाक्लवको खेलमैदान निर्माण, भक्तेछाप | ५ | १००,०००.०० | |
| | | **जम्मा** | | ७,७२५,०००.०० | ०.०० |

१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प.सं. नि/७.०७५/७६ च.नं. ६५-टि ६३ मिति २०७५/१०/०८ को पत्र अनुसार नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७५/१०/०४ र सडक विभागको प.सं. ०८१/८२ च.नं. C81-२०२ मिति २०८१।०५।२१ को निर्णयानुसार स्वीकृत नर्म्सलाई सम्बन्धित क्षेत्रको परामर्श सेवा खरिद गर्दा यस गाउँपालिकाको परामर्श सेवाको नर्म्सको रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।